
**के तपाईको घर पानीले रसाएको छ ?**
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं ।
एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २३ ❑ अङ्क २७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक ७ गते सोमबार ❑ 24 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-



**हार्दिक मंगलमय शुभकामना**

शुभ-दीपावली-२०७९ तथा नेपाल सम्वत् एवम् छठ पर्व को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**पोखरापत्र दैनिक परिवार**


अबको अंक कार्तिक १४ गते सोमबार प्रकाशित हुनेछ ।

## उम्मेदवारको सामूहिक प्रतिबद्धता लोकतन्त्रको रक्षासँगै समृद्धि

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेश सभाको निर्वाचनमा विभिन्न राजनैतिक पार्टीका उम्मेदवारले प्राप्त उपलब्धिको रक्षा र समृद्धिको अभियानमा जुट्ने सामूहिक प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

पोलिटिकल साइन्स सोसाइटी नेपालद्वारा आज पोखरामा आयोजित सङ्घीय तथा प्रदेशसभा सदस्यका उम्मेदवारसँग तपाईँको उम्मेदवारी किन भन्ने बहस कार्यक्रममा बोल्दै उहाँहरुले समाजका पिछडिएको वर्गको उत्थानका लागि समृद्धि आन्दोलनको खाँचो औँल्याउनुभयो । कास्कीको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि ऊर्जा लगायतका विविध क्षेत्रको सम्भाव्यता अध्ययन गरी त्यस्ता क्रियाकलापमा युवा शक्तिको आकर्षण बढाई स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्नेमा सबैको एउटै स्वर थियो । मुलुकको मुख्य शत्रुका रुपमा जरा गाढेको गरिबी र भ्रष्टाचार अन्त्य गरी सुशासनयुक्त समुन्नत समाज निर्माण आजको आवश्यकता भएको उल्लेख गर्दै उहाँहरुले त्यसका लागि राजनैतिक पार्टीसँगै देश र जनताको पक्षमा काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।



यस क्षेत्रका तालतलैया, धार्मिक, सांस्कृतिक, पर्यावणीय सम्पदाको संरक्षण गर्दै आवश्यक पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धनमा लाग्नुको विकल्प नभएको उल्लेख गर्दै वक्ताहरुले त्यसका लागि पार्टीका घोषणापत्रलाई मुख्य आधार बनाएर अगाडि बढ्ने सामूहिक धारणा राख्नुभयो ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा पाँच दलीय गठबन्धन बनेको बताउनुभयो । सत्तामा पुग्नेको होइन जनताका आधारभूत आवश्यकतामा परिवर्तन आउनुपर्नेमा उहाँको जोड थियो । नेकपा (एमाले) स्थायी कमिटी सदस्य एवं कास्की निर्वाचन क्षेत्र नं १(१) का उम्मेदवार खगराज अधिकारीले गण्डकी प्रदेशको समृद्धिका लागि आफ्नो उम्मेदवारी भएको बताउनुभयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताउँदै उहाँले विमानस्थल निर्माणमा चिनियाँ सरकारको ऋण सहयोगलाई अनुदानमा परिणत गर्नेतर्फ लाग्ने विश्वास व्यक्त गर्नुभयो । नेपाली कांग्रेस कास्कीका सभापति तथा कास्की निर्वाचन क्षेत्र नं १ प्रतिनिधिसभामा गठबन्धनतर्फका उम्मेदवार किशोरदत्त बरालले मुलुकको दिगो विकासका लागि राष्ट्रिय स्रोतको परिचालन अपरिहार्य भएको बताउँदै राजनैतिक शुद्धता, संसद् र सांसदको मर्यादाका लागि आफ्नो उम्मेदवारी भएको बताउनुभयो ।

कास्की निर्वाचन क्षेत्र नं २ प्रतिनिधिसभा गठबन्धनका साझा उम्मेदवार एवं नेकपा (एकीकृत समाजवादी)का पोलिटब्यूरो सदस्य श्रीनाथ बरालले पाँच दलीय घोषापत्रलाई आधार बनाएर उत्पादन र उत्पादकत्व अभिवृद्धिमा जुट्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । एमाले कास्कीका अध्यक्ष तथा कास्की १ का प्रतिनिधिसभाका उम्मेदवार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा महानगरको अनुगमन

### प्लाष्टिकजन्य फूलगुच्छा उत्पादन, आयात र विक्री वितरणमा रोक

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

पोखरा महानगरपालिकाले प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन आयात र बिक्री वितरणमा रोक लगाएको छ ।

महानगरपालिका उपप्रमुख एवं उपभोक्ता हित संरक्षण समितिका संयोजक मञ्जुदेवी गुरुङको नेतृत्वमा आइतबार पोखराको छोरेपाटनेदेखि महेन्द्रपुलसम्मका २० वटा पसलहरुमा अनुगमन गदै प्लाष्टिकजन्य फूलगुच्छा, माला विक्री वितरण नगर्न ब्यवासयीलाई अनुरोध गरेको हो । प्लाष्टिकको फुल माला प्रयोग बारे व्यवसायीलाई थाहा नभएका कारण पहिलो पटक सचेत गराएका छौ पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ भन्नुभयो,'प्रयोग नगर्ने भनेर सरकारले राजपत्रमा सुचना प्रकाशन गरेकाले यसको कार्यान्यिन गर्नुपर्छ भनेर अनुगमन गरेका हौ ।विदेशबाट आयात हुने प्लाष्टिकजन्य सामग्रीले यहाँको वातावरणमा समेत असर परेको छ । सुरुमा व्यसायीले गुनासो गरेपनिपछि आफैले हटाएर सहयोग गर्नुभयो ।' चाडपर्वमा प्लाष्टिकजन्य फुलहरुको ब्यापार बढि हुने भएकाले अनुगमन गरेका हौ उहाँले भन्नुभयो, 'अहिले सचेत मात्रै गरेका छौ फेरी विक्री वितरण गरिएको पाइए १ लाखसम्म जरिवाना गर्नसक्ने व्यवस्था रहेको छ ।' अनुगमनमा जिल्ला प्रशासन कार्यालय कास्कीका प्रतिनिधि शिवप्रसाद गौतम, गण्डकी प्रदेश वन तथा वातावरण मन्त्रालयका प्रतिनिधि, उपभोक्ता मञ्च कास्कीका अध्यक्ष, पत्रकार हरुको सहभागीतामा अनुगमन



गरिएको हो । महानगर आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले सानोदेखि होलसेल पसल सम्म अनुगमन गरिएको बताउनुभयो ।

प्लाष्टिकजन्य सामग्री नेपाल बाहिरबाट आयात हुने र अर्थतन्त्र बाहिरिने तथा मानव जीवनमा समेत नकरात्मक प्रभाव पर्ने भएकाले रोक लगाइएको आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो । 'प्लाष्टिकजन्य फुलमाला विक्री वितरणमा रोक लगाउर्दा स्थानीय फुलले बजार पाउने र यसले वातावरणमा पार्ने नकरात्मक प्रभावलाई कम गर्छ ।'

पोखराको महेन्द्रपुलमा रहेको प्लाष्टिकको फुलगुच्छा, माला विक्री गर्ने होलसेल सुधा साहुको पुजा सामग्री भण्डार, दिनेश सप्लायस नयाँ बजार, पुजा सामाग्री पसल नयाँ बजार, सृजना स्वस्तिक पसल, गणेश पुजा समाग्री, एनएस फोटो फ्रेम एण्ड गिफट कलेक्सन, एचपिएस फ्रेम कलेक्सन सेन्टर, न्यू लभ एण्ड लिभ्स, तिवारी फेन्सी, ओम झरना पुजा सामग्री, मञ्जु एग्रो टेडस, रोसीका पुजा सामग्री, गीता प्रशंसा भाडा पसल, बराल भाडा पसल एण्ड पाल्पा सप्लायर्समा अनुगमन गरिएको हो । त्यस्तै खुश्वु गिफ्ट सप, आर्दश दुध विक्री केन्द्र, प्रकृति एण्ड प्रतिक कस्मेटिक पसल, प्रथमा टेडिङ, पशुपति पुजा सामग्री भण्डार, निलगिरी होटल, पृथ्वी सेल सेन्टरलाई प्लाष्टिकका फुलका माला विक्री वितरण नगर्न र अव उप्रान्त विक्री वितरण गरेमा कानून बमोजिम कारबाही गर्ने चेतावनी दिइएको महानगर कृषि शाखाका ऋषिराम सापकोटाले जानकारी दिनुभयो ।

वन तथा वातावरण मन्त्रालयले गत साउन १२ गते राजपत्रमा सुचना प्रकाशन गरी सोही मितिदेखि प्लाष्टिकजन्य फुलगुच्छाको उत्पादन, आयात विक्री वितरण वा भण्डारण गर्न पूर्णरुपमा रोक लगाउने निणर्य गरेको थियो । चाडपर्व निजिकिदा तिहार र छठ जस्ता चाड पर्वहरुमा यस्ता प्लाष्टिकजन्य फुल, माला तथा अन्य सामग्रीको प्रयोग नगर्न सबैलाई अनुरोध परेको थियो । विभागले उक्त निर्णय विपरीत कुनै कार्य गरेको पाइएमा वातावरण संरक्षण ऐनको दफा २२ को उपदफा(४) को खण्ड (क) वा (ख) बमोजिम वातावरण निरीक्षकबाट १५ हजारदेखि २० हजार सम्म जरिवाना हुने र सोही ऐनको दफा ४१ को उपदफा (२) बमोजिम विभागका महानिर्देशकबाट १ लाखसम्म जरिवाना हुने समेत जनाएको छ ।

## निर्वाचन आचारसंहिता कार्यान्वयनमा आयोग प्रतिबद्ध : आयुक्त भण्डारी

**रासस**
**पोखरा, ६ कार्तिक**

निर्वाचन आयोगका आयुक्त रामप्रसाद भण्डारीले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन आचारसंहिता विपरीतका कार्य रोक्न आयोग प्रतिबद्ध रहेको बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस)सँगको सहकार्यमा निर्वाचन आयोगले आइतबार पोखरामा आयोजना गरेको प्रदेशस्तरीय मिडिया अभिमुखीकरण कार्यक्रममा उहाँले निर्वाचनमा भाग लिएका सबै राजनीतिक दलले गरेको प्रतिबद्धताअनुसार आचारसंहितालाई कडाइका साथ कार्यान्वयन गरिने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "दलहरुसँगको छलफल र परामर्शबाटनै निर्वाचन आचारसंहिता बनाइएको हो । सबै दलले यसको पालना गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएकाले आचारसंहिता प्रभावकारी कार्यान्वयनमा आयोग प्रतिबद्ध छ ।" आयुक्त भण्डारीले निर्वाचनलाई स्वच्छ, निष्पक्ष बनाउन आयोग लागिपरेको बताउँदै सात महिनाको अन्तरालमा स्थानीय निर्वाचन सम्पन्न गरी प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन गर्न लागिएको बताउनुभयो । उहाँले आसन्न निर्वाचनका लागि आवश्यक निर्वाचन सामग्री व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीका सचिव मनमाया भट्टराई पँगेनीले निर्वाचन सामूहिक रुपमा जस प्राप्ति गर्ने र अपनत्व लिने सामूहिक कार्य भएको बताउनुभयो । उहाँले सबै सरोकारवालाले आ-आफ्नो तर्फबाट सहयोग गरेमा निर्वाचनलाई निष्पक्ष रुपमा सम्पन्न गर्न सकिने उल्लेख गर्नुभयो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सञ्चारमाध्यमहरूले आधिकारिक सूचना र समाचार सम्प्रेषण गरी निर्वाचनलाई सफल पार्ने र निर्वाचन आचारसंहिता उल्लङ्घनमा पहरेदार (वाच डग)को भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । उहाँले सञ्चार प्रतिष्ठान, पत्रकार र कर्मचारीले कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुनेमा जोड दिनुभयो । प्रवक्ता शर्माले समानुपातिक निर्वाचनतर्फको मतपत्र दुर्गमका नौ जिल्लामा बाहेक अन्य सबै जिल्लामा ढुवानी गरिसकिएको जानकारी दिनुभयो ।

राससका कार्यकारी सम्पादक शीतलप्रसाद महतोले राससले स्वनियमनका लागि निर्वाचन आचारसंहिता पारित गरी लागू गरेको जानकारी दिँदै मतदाताको पक्षबाट जनसरोकारका एजेन्डालाई समाचार सामग्री बनाउने गरिएको जानकारी दिनुभयो । राससले निर्वाचन आयोगसँग मिलेर राससको बुलेटिनमा निर्वाचनसम्बन्धी समाचार सम्प्रेषण गर्ने र केन्द्रीय कार्यालयमा निर्वाचन रिर्पोटिङ डेस्क स्थापना गरिएको बताउनुभयो । सम्पादक महतोले सञ्चारमाध्यम र पत्रकारले पेसागत मर्यादा र पत्रकारिताको सिद्धान्तमा अडिग, पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता पालना गरी नागरिकप्रतिको उत्तरदायित्व पूरा गर्नुपर्ने बताउनुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले निर्वाचनलाई स्वतन्त्र र भयरहित बनाउन तीनवटै सरक्षा निकायसँगै जिल्लामा एक हजार ६ सय म्यादी प्रहरीलाई तालिम प्रदान गर्ने काम भइरहेको बताउनुभयो । उहाँले निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने समाचार सम्प्रेषण नगर्न ध्यानाकर्षण गराउनुभयो । कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी हुमप्रसाद पराजुली, पत्रकार महासङ्घ कास्की शाखाका अध्यक्ष विमला भण्डारी, प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेलगायतले निर्वाचनलाई सफल बनाउन आमसञ्चारमाध्यमको ठूलो भूमिका रहने उल्लेख गर्नुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## रिठ्ठेपानी डाँडा कटानका लागि निर्माण कम्पनी छनोट

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

देशको तेस्रो ठूलो पोखरा अन्तर र्राष्ट्रिय विमानस्थल सञ्चालनमा अवरोध भएको रिठ्ठेपानी डाँडा कटानका लागि निर्माण कम्पनी छनोट भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक ई प्रदीप अधिकारीका अनुसार उक्त डाँडा कटानका लागि एम-एस उमा-गल्वा जेभी निर्माण कम्पनी छनोट भएको छ ।

उक्त डाँडा कटानका लागि १० वटा कम्पनीले आवेदन दिएका थिए । वित्तीय मूल्याङ्कनपछि ठेक्का टुङ्गो लाग्ने प्राधिकरणले जनाएको छ ।

"ठेक्का प्रक्रिया दुई चरणको रहेको छ", प्राधिकरणका महानिर्देशक ई अधिकारीले भन्नुभयो, "प्राविधिकरूपमा एउटा जेभी छनोट भएको छ, अबको एक सातामा उक्त कम्पनीको आर्थिक प्रस्तावको मूल्याङ्कनपछि ठेक्का टुङ्गो लाग्ने तथा ठेक्का पक्का भएलगत्तै कटानको काम सुरु हुनेछ ।"

प्राधिकरणले आज एक सूचना प्रकाशित गर्दै योग्य कम्पनीलाई आउँदो १५ गते आफ्नो वित्तीय विवरण पेस गर्न निर्देशन दिएको छ । डाँडा कटानबाट निकालिने माटो-ढुङ्गा पोखरा महानगरको हालको ल्यान्डफिल साइट पुर्नका लागि प्रयोग गरिने विमानस्थल निर्माण आयोजना प्रमुख विनेश मुनकर्मीले जानकारी दिनुभयो । उक्त विमानस्थलको

बाँकी अन्तिम पृष्ठमा ▶▶

# 'विकासका योजनासहित चुनावमा आएका छौँ'-एमाले उम्मेदवार कार्की

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

कास्की निर्वाचन क्षेत्र न २ (१) बाट प्रदेश सभा सदस्यका लागि एमाले तर्फका प्रत्यासी उम्मेदवार भिमबहादुर कार्कीले समृद्ध नेपाल,सुखी नेपालीको नारालाई सार्थक पार्न एवं देश र जनताको सेवा गर्न आफु र आफ्नो पाटीले स्पष्ट भिजन र योजनासहित निर्वाचनमा उम्मेदवारी दिएको बताएका छन्।

उनले देश हाँक्ने र विकास गर्ने तागत एमालेसँग मात्रै भएको दावी गर्दै विकास अभियान व्यवस्थित बनाउन राष्ट्रियता बलियो बनाउन, भ्रष्टाचार नियन्त्रण तथा मितव्ययी स्वाललम्वी प्रदेश सरकार निर्माण गरी उत्कृष्ट गण्डकी प्रदेश सिर्जनामा आफ्नो ध्यान केन्द्रित हुने स्पष्ट पारे । उनले भुमिहिन तथा अव्यवस्थित बसोबास गरिरहेकाहरूलाई जग्गाको मालिक बनाउने, जनअपेक्षा अनुसार संघीयतालाई बलियो बनाउने, देशमा विद्यमान महँगी र भष्ट्राचार निर्मुल गर्ने, पोखराका ग्रामिण भेगमा रहेका वडाहरूको पर्यटकीय विकास सहित स्याटेलाइट सिटिको निर्माणलाइ अगाडि बढाउने, गण्डकी प्रदेशलाई अर्न्तराष्ट्रिय व्यापारको महत्वपूर्ण नाका बनाउने, प्रदेशको विकासका न्युनतम पूर्वाधार र सुचाकहरूलाई अझै सबल बनाउन एमालेको सरकार आवश्यक भएको उल्लेख गरे ।

कार्कीले सो कुरा आइतबार पोखरामा पोलिटिकल साइस सोसाइटी नेपालले संघीय तथा प्रदेश सभाका उम्मेदवारहरूसँग आयोजना गरेको बहस कार्यक्रम "मेरो उम्मेदवारी किन" विषयक बहस कार्यक्रम उक्त कुरा बताएका हुन्। उम्मेदवार काकीले पोखराको फोहोर व्यवस्थापनलाई दिर्घकालिन समाधान गर्ने, पोखराको ट्राफिक व्यवस्थापन गर्ने , आफ्नो निर्वाचन क्षेत्रमा "एक वडा एक आकर्षक पर्यटकीय गन्तव्य निर्माण गरी पर्यटनको विकास गर्ने, प्रत्येक वडामा प्राविधिक शिक्षा सहितको वहुमुखी क्याम्पस संचालन गर्ने, एक वडा एक सुविधा सम्पन्न अस्पताल निर्माणको अवधारणा अगाडी बढाउने लगायतका कार्यका लागि आफ्नो उम्मेदवारी रहेको प्रष्ट पारे । उनले आफ्नो क्षेत्रमा रहेका वडाहरूलाई पोखरा अन्य वडामा जोड्न मोटरेबल पूल र सडक निर्माणमा ध्यान दिने प्रतिवद्धता व्यक्त गरे । पूर्ववर्ती एमाले नेतृत्वको संघीय र प्रदेश सरकारहरका विभिन्न अधुरा विकासका काम पूरा गर्नु अर्को उद्देश्य रहेको उनको भनाई छ । विभिन्न दल तथा स्वतन्त्र उम्मेदवारहरूले आफ्नो धारणा प्रस्तुत गरेको बहस कार्यक्रम सो संस्थाका अध्यक्ष सुवास ढुङ्गानाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# ब्याजदर घटाउने मागसहित आन्दोलनमा उत्रने

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

पोखराका उद्योगी/व्यवसायीहरुले बैंक तथा वित्तीय संस्थाहरुले एकतर्फी रुपले बढाएको ब्याजदर घटाउने मागसहित कडा आन्दोलन गर्ने भएका छन्।

पोखरा उद्योग वाणिज्य संघले आइतबार आयोजना गरेको छलफल कार्यक्रममा सहभागी उद्योगी/व्यवसायीहरुले आन्दोलनको लागि संघका अध्यक्ष पवनकुमार प्रजापतिको संयोजकत्वमा १०१ सदस्यीय संघर्ष समिति गठनसमेत गरेका छन्।



संघर्ष समितिमा पोखरासहित लेखनाथ उद्योग वाणिज्य संघ, विभिन्न व्यावसायिक संघ/संस्था तथा बस्तुगत संघहरु रहेका छन्।

'बैठकले बैंकको ब्याजदर घटाउन सशक्त आन्दोलन गर्ने म्याण्डेट दिएको छ', पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले भने,'संघर्षका कार्यक्रमहरु वारपार गर्ने खालका हुन्छन्, हामी तिहारलगत्तै संघर्षमा उत्रन्छौं ।' उनले आन्दोलनका स्वरुपबारे छिट्टै जानकारी दिने बताए।

यसअघि संघले अर्थमन्त्री, नेपाल राष्ट्र बैंक तथा बैंकर्स एसोसियसनलाई ज्ञापनपत्रमार्फत् ब्याजदर घटाउन आग्रह गरिए पनि सुनुवाइ नभएको उनको भनाइ छ। उनका अनुसार बैंकले कुसमयमा बढाएको ब्याजदर,कर्जाको साँवा र ब्याजको लागि पटक-पटक गरिने ताकेता र विभिन्न बहानामा लिइने शुल्कहरु नघटेसम्म आन्दोलन जारी रहने छ । पोउवा संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले बैंक तथा वित्तीय संस्थाहरुको दादागिरीले आजित भएर आन्दोलनको कार्यक्रम घोषणा गरिएको सुनाए।

'उद्योगी/व्यवसायीहरुले अर्काको लागि आन्दोलन गरिदिएका छन्, व्यवसाय बन्द गरेर सघाएका छन्',उनले भने,' अहिले आफैमाथि परेको समस्याले हामीलाई सडकमा ल्याउँदैछ, हामी आम नागरिकबाट पनि यो संघर्षमा ऐक्यवद्दताको अपेक्षा गर्दछौं।' संघका महासचिव बलराम आचार्यले निजी क्षेत्रको मागलाई वेवास्ता नगर्न नेपाल राष्ट्र बैंक र सरकारसँग माग गरे।

# 'गण्डकी प्रदेशमा बहुमतको सरकार बनाउछौँ' : उम्मेदवार अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

कास्की क्षेत्र नम्वर १ प्रदेश सभा १ का नेकपा एमालेका प्रदेश सभा उम्मेदवार खगराज अधिकारीले गण्डकी प्रदेशमा एमालेको सरकार बन्ने दाबी गरेका छन्।

पोखरा ३० मा मतदाता भेटघाट कार्यक्रममा बोल्दै नेता अधिकारीले प्रत्यक्षमा २२ सिट र समानुपातिकमा १० सिट जितेर सरकार बनाउने दाबी गरेका हुन्।

उनले जनताको पक्षमा निरन्तर बोल्दै र काम गर्दै आएकै कारण एमालेलाई जनताले जिताउने विश्वास व्यक्त गरे।

पछिल्लो समय जनताका दैनिक गुजारा गर्न आवश्यक खाद्य सामाग्रीमा बढेको मुल्यवृद्धीलाई बेवास्ता गर्दै राजनीति भागबण्डा र फण्डामा केन्द्रित बन्नुले जनताका समस्याप्रति गठबन्धन कति संवेदनशिल छ भन्ने प्रष्ट भईसकेको उनको भनाई थियो।

प्रतिनिधिसभाबाट प्रदेश सभामा पाटीको निर्णय र फैसला अनुसार आफू प्रदेशसभामा उम्मेदवार बनेको भन्दै उनले आफु प्रदेशमा नयाँ अनुहार भएको बताए। 'प्रतिनिधिसभामा होइन प्रदेशसभामा म उम्मेदवार बनेको छु, र म प्रदेशका लागि नयाँ अनुहार हुँ',उनले भने।

जनतासँग अझै नजिक रहेर काम गर्ने अवसर मिलेको भन्दै अपुरा विकासका काममा जनताकै सल्लाह र समन्वयमा अगाडी बढ्ने उनले बताए ।

# रिठ्ठेपानी...

फ्लाइट क्यालिब्रेसनका लागि पहिलो चरणमा १४ मिटर डाँडा काट्ने योजना बनाइएको बताइएको छ। पोखरमा अन्तर्राष्ट्रिय उडानका लागि फ्लाइट क्यालिब्रेसन अनिवार्य रहेको र त्यसका लागि हाललाई १४ मिटर डाँडा कटान गर्दा पर्याप्त हुने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को अनुमान रहेको छ।

उक्त विमानस्थलमा आगामी नोभेम्बरमा फ्लाइट क्यालिब्रेसन गरिने प्राधिकरणले जनाएको छ । रु २२ अर्बको चिनियाँ ऋण लगानीमा उक्त अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएको बताइएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै त्यहाँ न्यारोबडी सिरिजसम्मका जहाज उडान-अवतरण हुने छन्।

# 'विकासका लागि एमाले नेतृत्वको सरकार आवश्यक'- मिना गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**



कास्की क्षेत्र नम्वर २ (२) बाट नेकपा एमालेका प्रदेश सभा उम्मेदवार मिना गुरुङले देशमा विकासको लहर ल्याउन एमाले नेतृत्वको सरकार आवश्यक भएको बताएकी छन्।

उनले समाज तथा राष्ट्र निर्माणको निम्ति एमाले पाटीको विकल्प नभएको उल्लेख गर्दै मंसिर ४ गते हुने निर्वाचनमा एमालेलाई पहिलो पाटी बनाउन सूर्य चिन्हमा मतदान गर्न मतदातासँग आग्रह गरिन्।

पोखरा ११ मा नेकपा एमालेको निर्वाचन परिचालन कमिटि कार्यालय उद्धाटन कार्यक्रममा गुरूङले राजनीतिमा महिला शसक्तिकरण, योजनाबद्ध कार्यक्रम, व्यवसाय, सीप विकास, रोजगार तथा स्वरोजगार प्रवर्द्धनका लागि आफूले उम्मेदवारी दिएको बताईन्।

कार्यक्रममा नेकपा एमालेका केन्द्रिय सल्लाहकार परिषदका सदस्य सोमनाथ अधिकारीले यस क्षेत्रमा आफ्नो पाटीको सरकारले संचालन गरिरहेका अधिकांश विकासका योजनाको बजेट कटौती र रकमान्तरण गर्ने काम वर्तमान सरकारले गरेकोतर्फ जानकार हुन जनतालाई आग्रह गर्दै कास्कीमा एमालेले मात्र महिलाहरूको हकहित हुने गरि काम गरेको स्मरण गरे।

एमाले गण्डकी प्रदेश कमिटिका उपसचिव रश्मी आचार्यले एमाले सरकारको जनमुखी विकासदेखि अत्तालिएर सत्ताबाट हटाइएको भन्दै जनताको मनको साथले अब बहुमतको सरकार निर्माण हुने उल्लेख गरे।

कार्यक्रममा पाटी जिल्ला कमिटिका सदस्य तथा कास्की क्षेत्र नम्वर २ का प्रचारप्रसार संयोजक झटपबहादुर रानाभाटले कास्कीमा एक मात्रै विकासको नायक एमाले भएको जिकिर गरे।

# 'चुनाव जिताउनुस्, माननीय खोज्दै हिँड्नुपर्ने परिपाटी अन्त्य गर्छु': दामोदर बैरागी

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

देशमा अहिले एउटा गाउँको सामान्य काम सक्न पनि राजधानी धाउनुपर्ने बाध्यता छ। जनता आफ्नो समस्या सुनाउन र बजेट पार्न जिताएर पठाएका जनप्रतिनिधि भेट्न काठमाडौँ र प्रदेश राजधानी पस्नुपर्छ।

आगामी ४ मंसिरमा प्रतिनिधिसभा तथा प्रदेश सभामा यस्ता कमै उम्मेद्वार देखिएका छन् जसले राजधानी धाउनुपर्ने बाध्यताको अन्त्य गर्ने विषयलाई प्रमुखताका साथ उठाएका हुन् । कास्की क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य उम्मेद्वार दामोदर पौडेल बैरागीले आफूले चुनाव जिते गाउँदेखि राजधानी धाउनुपर्ने र सिधैं सांसदलाई भेट्नुपर्ने समस्या समाधानलाई प्राथमिकता दिएका छन्।

नेकपा एमालेबाट उम्मेद्वार रहेका उनले पाटीको टोल कमिटी हुँदै सांसदसम्म जनताका समस्या सुनाउन सकिने योजना अघि सारेका छन्। त्यसका लागि पाटी वडा वा पालिका कमिटीलाई अधिकार सम्पन्न बनाउन सकिने उनको भनाई छ। नेकपा एमाले अन्नपूर्ण गाउँपालिका कमिटीले आयोजना गरेको चियापान कार्यक्रममा बोल्दै उम्मेद्वार पौडेलले टोलका जनताले सांसदसम्म गुनासो लिएर जानुपर्ने परिपाटी अन्त्य गर्न पहल गर्ने प्रतिवद्धता जनाए। 'माननीयलाई नभेटी काम नहुने, पार्टी कमिटीमा राख्दा सुनुवाइ नहुने र निर्वाचित जनप्रतिनिधिलाई भेटेपछि काम हुने अवस्थाको पनि अन्त्य हुनु जरुरी छ,' उनले भने, 'हाम्रो टोल, वडा वा पालिकाले बोलेपछि पुग्ने परिपाटी हामीले बनाउनुपर्छ । अहिलेको अवस्थाको अन्त्य हुन्छ । तल्लो तहकै अध्यक्षले समस्या समाधान गर्न सक्ने वातावरण हामीले बनाउनुपर्छ । त्यसमा मेरो ध्यान जान्छ।'

जनताका दैनिक गर्नुपर्ने र विकास निर्माणका आयोजना निर्धारित समयमै सक्न आफूले कुनै कसरत बाँकी नराख्ने उम्मेद्वार पौडेलको प्रतिवद्धता छ। अन्नपूर्ण गाउँपालिकाको घान्द्रुक, सल्यान, तिखेढुंगा लगायत गाउँ जाने सडक स्तरोन्नति अत्यावश्यक रहेकाले त्यसमा पनि विशेष ध्यान दिने पौडेलले बताए।

प्रदेश सभा ३ (ख) का उम्मेद्वार राजीव पहारीले पछिल्लो कार्यकालमा सुरु गरेर अधुरा रहेका विकास निर्माणको कामलाई पूर्णता दिन पाटीले फेरि उम्मेद्वार बनाएको बताए । 'साढे ३ वर्ष प्रदेशमा एमालेको सरकार हुँदा सडक, पुलका काम भएका थिए। राजनीतिक अस्थिरताले सरकार ढल्यो,' उनले थपे, 'त्यतिबेला जनताको आस पनि ढल्यो। गठबन्धनको सरकारले बिगार्ने बाहेक केही गरेन । अब जितेर पहिले बाँकी भएका काम पुरा गर्न छ।'

# उम्मेदवारको..

मनबहादुर गुरुङले मानवीय स्रोतको अधिकतम उपयोग गर्दै समृद्ध नेपाल, सुखी नेपाली अभियानलाई सार्थक बनाउन आफ्नो उम्मेदवारी भएको बताउनुभयो।

नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य तथा गठबन्धनकातर्फबाट कास्की १ (१) का उम्मेदवार दीपक कोइरालाले आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि कृषिलाई आधुनिकरण गरिनुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीकोतर्फबाट कास्की २ बाट प्रतिनिधिसभाका उम्मेदवार माधवप्रसाद कँडेलले मुलुकको आवश्यकता र युवा शक्तिको भावनालाई मध्येजन गर्दै भ्रष्टाचार न्यूनीकरणका लागि आफ्नो उम्मेदवार भएको धारणा राख्नुभयो।

राप्रपा गण्डकी प्रदेश अध्यक्ष पञ्चराम गुरुङले राजनैतिक पेशाका रुपमा नभई सेवाका लागि हुनुपर्नेमा जोड दिँदै मुलुकको समृद्धिका लागि भ्रष्टाचारकोअन्त्यहुनुपर्नेआवश्यकता औंल्याउनुभयो । सोसाइटीका अध्यक्ष सुभाष ढुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा निर्वाचन क्षेत्र नं ३ एमालेका दामोदर पौडेल वैरागी, राप्रपाका जगतप्रसाद सुवेदी, गठबन्धनका तर्फबाट निर्वाचन क्षेत्र नं २ (१) का माओवादीका उम्मेदवार विश्वप्रकाश लामिछाने, एमालेका भीमबहादुर कार्की, निर्वाचन क्षेत्र नं २ (२) का एमाले उम्मेदवार मीना गुरुङ क्षेत्र नं ३ (१) का गणेशमान गुरुङ, (२) का राजिव पहारी, राप्रपाका हरिराम भण्डारी, राप्रपाका सुवर्णराज पन्त लगायतका उम्मेदवारहरुले पार्टीको घोषणापत्रअनुसार नै विकास निर्माणमा जुट्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# तिहारको शुभकामना

नेपालीहरुको ठूलो चाड तिहार शुरु भएको छ। तिहारमा सन्देशबाहक काग, घरको रक्षक कुकुरका साथै गाई गोरु र गोबरको पुजा गरिन्छ। पशुपंक्षी र जनावरको समेत पुजा गरेर प्रकृतिसंगको सम्बन्ध तिहार हो। धनकी देवी लक्ष्मीको पूजा गर्दा धनधान्य हुने विश्वास गरिन्छ। तिहारलाई फूलको चाड पनि भन्ने गरिन्छ। तिहार उज्यालोको पर्व पनि हो। पाच दिनसम्म घर झिलिमिली पारेर उज्यालो बनाईन्छ। अहिले बजारमा जताततै उज्यालो बनाएर सबैले मनाउने चाडको रुपमा बिकास हुदै गएको छ। तिहारमा दिदीबहिनीहरुले दाजुभाइलाई सप्तरंगी टिका र माला लगाएर दिर्घायूको कामना गर्दछन्। तिहार दाजुभाइ दिदीबहिनीहरुको पुनर्मिलनको अवसर पनि हो।

हाम्रो मौलिक चाड तिहारको पाच दिन घरको ढोकामा तेल हाल्ने र साझ दियो बत्ती बालेर झिलीमिली बनाउने गरिन्छ। तिहारमा साथीसंगी मिलेर देउसी भैलो खेल्ने गरिन्छ। तिहारको बेलामा देउसी भैलो खेलेर रकम संकलन गर्ने उपयुक्त मौका पनि हो। चुनावको बेला भएको हुँदा उमेदवारसंग पैसा उठाउने कसैलाई लगानी गर्ने वा देउसी भैलोका नाममा मत खरिदका लागि वैना दिने काम पनि हुने गर्दछ। विगतमा संघसंस्था, क्लब, आमा समूह, राजनैतिक पार्टी र तिनका भातृसंस्था सबैले तिहारमा देउसी भैलो खेलेर रकम संकलन गर्ने गरेका थिए। यसपटक चुनाव भएको हुँदा रमाइलो र मनोरञ्जनका लागि खेलिने देउसी भैलो खेल्ने हुनुपर्छ। उमेदवार र पार्टीबाट रकम संलकन गरेर मत दिने काम नहोस् भनेर सबै सचेत बन्नैपर्छ। देउसी भैलोको मौलिक र सांस्कृतिक पक्ष हराउँदै जाने र पश्चिमा संस्कृतिको अन्धानुसरण गर्ने चलन बढेर गएको छ। चाडपर्व भनेको घरपरिवारका सबै मिलेर रमाइलो बनाउने हो। कोभिड हटिनसकेको र डेंगुले ५२ जनाको ज्यान लिइसकेको छ। ४३ हजारभन्दा बढी संक्रमित भएका छन। यस्तो अवस्थामा स्वास्थ्य सुरक्षा अपनाएर मनाउनु पर्ने भएको छ। चाडपर्व हो केही हुदैन भन्ने हेलचक्र्याई गर्ने अवस्था छैन। सरकारले देउसी भैलो ९ बजेसम्म खेल्न आग्रह गरेको छ।

पटका नपट्काउन, जुवातास खेल्न रोक लगाएको छ। कानुनले रोक लगाएको मात्र होइन समाजलाई बर्वाद पार्ने काम नियन्त्रण गर्न सरकारले जारी गरेको आदेश पालना गर्नु सचेत नागरिकको कर्तव्य हो। त्यस्तै पटका, भुइँचम्पा पड्काएर आतंकित पार्ने काम शहर वजारमा बढी हुने गरेको छ। प्रहरीले अवैध रुपले ल्याईएका त्यस्ता पटका र बिस्फोटक पदार्थ समातेको यदाकदा समाचार पनि आउने गरेका छन्। तर रोकिने भन्दा भित्रिने बढी हुने गरेको भान परेको छ। त्यसवाट आगलागी हुने र शरिर नै अंगभंग हुने किसिमका गतिविधि पनि शहरी क्षेत्रमा बढ्दै गएका छन्। यसलाई नरोकेसम्म रमाइलोको बेला नरमाईलो भईरहने छ।

तिहारकै बेला नेवार सम्प्रदायले आत्मसुद्धि गर्ने, म्ह पुजा गर्ने र नयाँ वर्ष नेपाल सम्वत् मनाउने गर्दछ। नेपाल सम्वत्को महत्व संखधर शाख्वाले काठमाडौंवासीको ऋण तिरिदिएको हुँदा उनैलाई सम्झने दिन पनि नेपाल सम्वत् हो। नेपालको आफ्नै मौलिक सम्वत् पनि तिहारकै बेलाबाट शुरु हुने हुँदा नेपाल सम्वत ११४३ को शुभकामना। तिहारलाई सबैले स्वास्थ्य सुरक्षा पालना गरेर खुशी र रमाइलोसँग मनाउन सकौं हामी हाम्रा पाठक, विज्ञापनदाता, शुभचिन्तक तथा देशविदेशमा रहनु भएका सबै नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

# अवस्था बदल्नको लागि मेरो उम्मेदवारी कडेल

पोखरापत्र संवाददाता
पोखरा, ६ कार्तिक

पोलिटिकल साइन्स सोसाइटी नेपालले आयोजना गरेको संघिय तथा प्रदेश सभाका उम्मेदहरु संगको बहस कार्यक्रममा कास्की क्षेत्र न २ मा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट उम्मेदवारी दिएका माधव प्रसाद कडेलले भ्रष्टचार हटाउनको लागि आफ् नो उम्मेदवारी दिएको बताएका छन्।

कडेलले नेपालको शिक्षा अन्तराष्ट्रिय स्तरको बनाउको लागि काम गर्ने, गुणस्तरीय शिक्षाले गुणस्तरीय विद्यार्थी उत्पादन गर्ने, शिक्षकलाई सुविधा अन्यलाई भन्दा फरक गर्ने योजना रहेको सुनाए।

अहिलेसम्म व्यवस्था परिर्वतन भएको आफ्नो जितेमा जनताको अवस्था परिर्वतन गर्ने धारणा राखेका छन्। अहिलेसम्मका शासकले जनताको अवस्थामा ध्यान नदिएको उनको धारणा छ।

साथै उनको घोषणा पत्रमा स्वास्थ्य क्षेत्रमा आफुले काम गर्नको लागि आफ्नो उम्मेदवारी दिएको बताए। पार्टीको योजेन्डा अनुसार आफुले काम गर्ने बताए।

राष्ट्रिय स्वतन्त्र पार्टी गण्डकी प्रदेश अध्यक्ष डाक्टर ढाका कुमार श्रेष्ठले नेताहरुले नै देशको उद्योग बेचेर र चुनावमा जनता भुलाउनको लागी रोजगारी दिने नारा लगाउदै हिडेको धारणा राखे।

देशका ठुला पार्टीले नै राजनितीलाई पेशा व्यवसाय बनाएको उनको भनाइ छ। राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार आएमा स्वास्थ्य शिक्षा जस्ता सेवाहरु निशुल्न र सबै जनातको पहुँचमा हुने श्रेष्ठको दावी छ।

उनले गाउँ गाउँका प्रत्येक स्वास्थ्य केन्द्रमा डाक्टर हुनुपर्ने भन्दै अहिलेका नेतामा देश विकास गर्ने योजना नै नभएको दावी गरे।

# पोखरा १४ मा एमालेको चुनाव प्रचारप्रसार समिति कार्यालय स्थापना

पोखरापत्र संवाददाता
पोखरा, ६ कार्तिक

पोखरा महानगरपालिका वडा नम्बर १४ मा नेकपा एमालेले चुनाव प्रचारप्रसार समितिको कार्यालय स्थापना गरेको छ।

कास्की क्षेत्र नं. १ (ख) मा नेकपा एमालेको तर्फबाट प्रदेश सभा सदस्यका प्रत्यासी उम्मेदवार बेदबहादुर गुरुङ (श्याम) ले प्रचार कार्यालयको उद्घाटन गर्दै पाटीका नेता कार्यकर्तालाई मतदाताहरुको साथमा सधैं एमाले रहने र स्थानियका विकासका कार्यदेखि नीति निर्माण पनि नेकपा एमाले पाटीले मात्र वकालत गर्न सक्ने कुरा बुझाउन निर्देशन दिए। उनले वडावासीको हितका पक्षमा आफू सर्दैव लागिरहने बताउँदै एमालेलाई मंसिर ४ गते हुने निर्वाचनमा पहिलो पाटी बनाउन सुर्य चिन्हमा मतदान गर्न सबै मतदातामा अनुरोध गरे।

कार्यक्रममा प्रत्येक दिन वडाबासीका घरदैलोमा जाने र एमाले पाटीले मात्र जनताका हितमा काम गर्ने कुरा बुझाउने कार्यक्रम रहेको एमाले नेता पसबहादुर बास्तोलाले जानकारी दिए।

# 'उत्पीडितहरुको उत्थानमा एमाले एकमात्र सारथी'- एमाले उम्मेदवार कार्की

पोखरापत्र संवाददाता
पोखरा, ६ कार्तिक

नेकपा एमालेको तर्फबाट कास्की निर्वाचन क्षेत्र न २ (१) का प्रदेश सभा सदस्यका प्रत्यासी उम्मेदवार भिमबहादुर कार्कीले उत्पीडितहरूको विकासमा एक मात्र सारथी आफ्नो पाटी एमालेको नीति सिद्धान्त र व्यवहारले पुष्टि गरेको दावी गरेका छन्।

उनले उत्पीडितका मुद्दालाई नीति निर्माणको तहमा पुर्याउनेदेखि लिएर शसक्तिकरण गर्ने र उत्पीडितहरूलाई विशेष अधिकार प्रदान गर्ने कामको अगुवाइ एमालेले गरेको प्रष्ट पारे। कार्कीले देशको राष्ट्रियता बलियो बनाउने र समृद्धिको अभियान अब भुलबस पनि अवरुद्ध गर्न नहुने भन्दै एमालेलाई स्पष्ट बहुमतले जिताउन आग्रह गरे। उनले जनताका अधिकारलाई स्थापित गर्दै देशैभरका स्वास्थ्य चौकी एकै पटक शिलान्यास गरेको, ३०० भन्दा बढी सडक एकैपटक शुरूवात गरेको स्मरण गरे। कार्कीले अहिलेको गठबन्धन सरकारले एक सय गुणा महङ्गी र चार सय गुणा बढि कर बढाएर करको भारिले जनताको ढाड सेकेको भन्दै भ्रष्टाचारमा चरम लिप्त भएको बताए। कार्कीले आइतवार नेपाल उत्पीडित जातीय मुक्ती समाज पोखरा महानगरपालिका वडा न ३३ को विशेष भेलामा सम्बोधन गर्दै उक्त कुरा बताएका हुन्।

भेलामा एमाले गण्डकीका सदस्य मनबुजा विक., एमाले जिल्ला कमिटी सदस्य बमबहादुर वि.क., एमाले पोखरा ३३ का अध्यक्ष दिपकराज लामिछाने, पाटीका प्रदेश कमिटिका सल्लाहकार यज्ञप्रसाद अधिकारी, अनेम संघ गण्डकी प्रदेश सदस्य शान्ती पाध्या, सन्तोष नेपाली, डिल बहादुर सुनार लागायतले बोलेका थिए।

# दुर्लभ सर्प राज गोमन (किङ कोब्रा) संरक्षणमा चिन्ता

पोखरापत्र संवाददाता
पोखरा, ६ कार्तिक

नेपालमा अत्यन्त दुर्लभ मानिएको राज गोमन (किङ कोब्रा) सर्प पछिल्लो समय नेपालको मध्यपहाडी क्षेत्रमा फाटफुट देखिन थालेपछि सर्पसम्बन्धी विज्ञहरूले यसको संरक्षण गर्नुपर्ने भन्दै छलफल सुरु गरेका छन्।

अत्यन्त विषालु प्रजातिको सर्प भए पनि नेपालमा भने यसले मानिसलाई टोकेको जानकारी नभएको विज्ञहरू बताउँछन्। वन्यजन्तु संरक्षणमा काम गर्दै आएका संस्थाहरू प्रकृतिका साथीहरू काठमाडौं, सर्प संरक्षण समाज, नेपाल र पोखरा महानगरपालिका–२५ ले आइतबार पोखरामा किङ कोब्रा संरक्षणका लागि छलफल कार्यक्रम आयोजना गरे। राज गोमन एकमात्र सर्प हो जसले फुल पार्दा गुँडसमेत बनाउने गर्छ।

सो अवसरमा प्रकृतिका साथीहरू नामक संस्थाका कार्यकारी निर्देशक राजु आचार्यले राज गोमनलाई नचलाउने, नजिस्क्याउने र नजिकमा नजाने हो भने यसबाट बच्न सकिने बताउनुभयो। "नेपालमा पाइने ८२ प्रजातिका सर्पमध्ये किङ कोब्रा अत्यन्त न्यून रहेको र यसले आहाराका रूपमा अन्य प्रजातिको सर्प खाने गर्छ", आचार्यले भन्नुभयो, कहिलेकाहीँ आफ्नै प्रजातिको सर्पलाई पनि खाने गरेको अनुसन्धानबाट खुल्न आएको छ।"

"नेपालको कानूनले यसलाई संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ। गोमन सर्पले टोकेको हो भने गोमन सर्पकै विषबाट बनाइएको स्नेक एन्टिभेनम भाइल प्रयोग गर्नु राम्रो हुन्छ तर त्यस्तो स्नेक एन्टिभेनम नहुँदा पोलिभलेन्ट लगाउने गरिन्छ", आचार्यलेभन्नुभयो,"योलाभदायक भए पनि स्वास्थ्यका लागि हानिकारक हुन सक्छ।" नेपालमा पोलिभलेन्ट नै प्रयोग हुँदै आएको र पोलिभलेन्ट करेत, कमन कोब्रा र दुई भाइपर सर्प प्रजातिको विष सम्मिश्रण गरी तयार पारिने जानकारी सो अवसरमा दिइएको थियो।

सर्पसम्बन्धी विज्ञ ऋषि बरालले नेपालमा २२ सर्प प्रजाति विषालु भएको र विषरहित र विषसहितका गरी नेपालमा ८२ प्रजातिका सर्प सूचीकृत भएको जानकारी दिनुभयो। नेपालमा प्रतिवर्ष १२ हजार मानिसलाई सर्पले टोक्ने र तीमध्ये दुई हजार मानिसलाई विषालु सर्पले टोक्ने गरेको तथ्याङ्क सो अवसरमा विज्ञहरूले दिएका छन्।

"गोमन जस्ता विषालु सर्पले टोक्दा केही मिनेटपछि नै मानिसको शरीरमा विष फैलिएको लक्षण देखापर्छ, बिरामीले आँखा उघार्न सक्दैन, मुख बन्द हुन्छ, मुखबाट जिब्रोबाहिर निकाल्न सक्दैन, पानी निल्न असजिलो हुन्छ, हातखुट्टा तथा मांसपेशी चल्न कठिन, मुखबाट ऱ्याल छाड्ने हुन्छ", सर्पसम्बन्धी अनुसन्धान गर्दै आउनुभएका अभिषेक सापकोटाले भन्नुभयो, "विषलु सर्पले टोके बित्तिकै बिरामीलाई जतिसक्दो अस्पताल पुऱ्याउनु पर्छ।" नेपालकै एक संस्थाको अध्ययनअनुसार सर्पको टोकाइबाट अधिकांश महिला र बालबालिकाको मृत्यु हुने गरेको छ। तराई क्षेत्रमा हरेक एक लाख मानिसमध्ये २२ जनाको सर्पको टोकाइबाट नै मृत्यु हुने गरेको तथ्याङ्क उक्त अध्ययनबाट खुल्न आएको छ। सर्पले अधिकांश मानिसमा घुँडाभन्दा तल्लो भागमा टोक्ने गरेको तथ्याङ्कमा उल्लेख छ। विश्वमा हरेक वर्ष २० लाखभन्दा बढी सर्पदंशका घटना हुने गरेको र यीमध्ये ८१ हजारदेखि एक लाख ३८ हजार मानिसले ज्यान गुमाउने गरेको तथ्याङ्क उक्त अवसरमा दिइएको थियो। नेपालमा पाइने २२ प्रजाति विषालु छन्, तीमध्ये गोमन, राज गोमन, करेत, रुसेल्स भाइपर स्नेक (कर्कट नाग) धेरै विषालु मानिन्छ।

छलफल कार्यक्रममा जिल्ला वन कार्यालय, प्रदेश कार्यालय तथा वन मन्त्रालयका प्रमुख, स्थानीय जनप्रतिनिधि तथा सम्बन्धित संस्थाका प्रतिनिधिको समेत उपस्थिति रहेको थियो।

# सामुदायिक विद्यालयलाई कम्प्युटर 'अरुको भर पर्नुपर्ने दिन गए'

पोखरापत्र संवाददाता
तनहुँ, ६ कार्तिक

जिल्लाको भीमाद नगरपालिका कार्यालयले अभियानकै रुपमा नगरपालिकाभित्रका सामुदायिक विद्यालयलाई कम्प्युटर वितरण गरेको छ।

एक विद्यालय, एक कम्प्युटर' अभियानअन्तर्गत ४३ वटा विद्यालयमा कम्प्युटर वितरण गरिएकाले विद्यालयका कामकाजका लागि अरुको भर पर्नुपर्ने समस्या अन्त्य भएको छ। शैक्षिक गुणस्तर सुधार गर्नका लागि आफ्नो क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयलाई कम्प्युटर वितरण गरिएको नगरपालिकाले जनाएको छ। सामुदायिक विद्यालयका सबै शिक्षक शिक्षिकालाई आइसिटी तालिम प्रदान गरेर कम्प्युटर दिइएकाले प्रश्नपत्र बनाउन र अन्य कामकाजका लागि भीमादसम्म आउन नपरेको र कसैको सहारा लिन पनि नपरेको नगरपालिकाकी सूचना अधिकारी टेकावती ढकालले जानकारी दिनुभयो। जनज्योति र सिद्धार्थ माध्यमिक विद्यालय नमूना विद्यालयका रुपमा स्थापित भएका छन्। उक्त दुई विद्यालयमा कम्प्युटर शिक्षासम्बन्धी पढाइसमेत हुँदै आएको छ। नगरपालिकाभित्रका दुई वटा आधारभूत र एक माध्यमिक विद्यालयमा राष्ट्पति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत चारकोठे नयाँ भवन निर्माण गरिएको छ। सामुदायिक विद्यालयको अनुगमन एवं नियमन कार्यलाई प्रभावकारी बनाई सरकारी नीति नियमको पूर्ण पालना गर्न थप जिम्मेवार बनाइएको नगरप्रमुख दधीराज सुवेदीले जानकारी दिनुभयो। प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी आवश्यकताका आधारमा सिकाइ वातावरण सुधार, सहजकर्ताको क्षमता विकास एवं प्रोत्साहनको व्यवस्था मिलाइएको छ। विद्यालय तहदेखि खेलमा प्रतिभा प्रस्फुटनको वातावरण सिर्जना गर्न विद्यालयस्तरीय खेलकुदमा प्रोत्साहन गर्नाका साथै मेयर कप प्रतियोगितालाई निरन्तरता दिने योजना रहेको उहाँले बताउनुभयो।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


**पसल बिक्रीमा**

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ।

सम्पर्क:
९८२७१९९५८६
९८१९५२९०४५



# हार्दिक समवेदना



जन्म:
वि.सं. २००७/०१/०९

स्वर्गारोहण :
२०७९/०६/२९

**स्व. तिर्थमाया खड्गी**

नेपाल राष्ट्रिय खड्गी समाज जिल्ला समिति कास्कीका साधारण सदस्य पोखरा महानगरपालिका वडा नं.–८ निवासी **तिर्थमाया खड्गीको** असामयिक निधन भएको आज १० औं दिनको पुण्यतिथिमा दिवगंत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

हर्खमान साही
अध्यक्ष तथा
**नेपाल राष्ट्रिय खड्गी समाज**
**जिल्ला समिति कास्की, परिवार**

# प्रगति स्कुलमा सांगीतिक कार्यक्रमसँगै सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ६ कार्तिक

पोखरा महानगरपालिका वडा नं १६ बाटुलेचौर स्थित प्रगति माध्यमिक विद्यालयले नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता खेलाडीहरूलाई हालै लक्ष्य ब्यान्डको साङ्गीतिक प्रस्तुतिसँगै सम्मान गरेको छ।

सम्मान समारोहमा लक्ष्य ब्यान्डको लाइभ कन्सर्ट कार्यक्रम पनि जोडिएको थियो । सन २००८ मा स्थापित लक्ष्य ब्यान्डले देश विदेशमा साङ्गीतक कार्यक्रम गर्दै आइरहेकामा वर्तमानमा समाजसेवालाई पनि जोड्दै आएको छ। विभिन्न विद्यालयका विद्यार्थीलाई शैक्षिक र खेलकुदका सामग्री प्रदान गर्ने उद्देश्यका साथ च्यारीटी सो कार्यक्रम ल्याएको संस्थाका अध्यक्ष अविनाश गायकले जानकारी दिए । लक्ष्य ब्यान्डले स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिका बाङसिङमा रहेको श्रमण मा.वि.का



विद्यार्थीलाई शैक्षिक र खेलकुद सामग्री हस्तान्तरण गर्न लोगेको छ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागीभई पदक विजेता पूर्व विद्यार्थी विजय कार्की, विवेक हमाल ठकुरी, विधान अधिकारी र खेल प्रशिक्षक विशाल खड्का सम्मानीत भएका हुन् । खेलकुद प्रतियोगिता अन्तर्गत विशाल खड्का र विधान अधिकारी ब्याडमिन्टन प्रतियोगिताको मिक्स डबल र पुरुष डबलमा कास्य पदक हात पार्न सफल भएका हुन् । ११ वर्षको उमेरदेखि ब्याडमिन्टन खेलेका विधानले राष्ट्रिय स्तरका विभिन्न प्रतियोगितामा स्वर्ण पदक हासिल गरेका खेलाडी हुन् । सात पटक स्वर्गीय इन्द्रकवहादुर गुरुङ ब्याडमिन्टन प्रतियोगितामा प्रथम स्थान हासिल गरेका उनी लाखौं नगद पुरस्कार सहित अन्नपूर्ण कर्पोरेट राष्ट्रिय प्रतियोगितामा खुल्लातर्फ प्रथम भई आधातोला सुन पुरस्कार जित्न सफल भएका थिए । यसै गरी विद्यालयका खेल प्रशिक्षक विशाल खड्का अन्नपूर्ण कर्पोरेट राष्ट्रिय प्रतियोगितामा सात पटक स्वर्ण पदक हासिल गर्न सफल खेलाडी हुन्। हाल कास्की जिल्ला ब्याडमिन्टन संघका उपाध्यक्ष, प्रशिक्षक खड्काले सयौं खेलमा लाखौं नगद पुरस्कार र साढे आठ तोला सुन पुरस्कार प्राप्त गर्न सफल भएका छन् । सुटिङ विधामा रजत पुरस्कार हातपार्न सफल विजयका पाचौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०६५ बाट खेल सुरु गरेका खेलाडी हुन् । खेल सुरु गरेकै वर्ष सुटिङ विधामा स्वर्ण पदक हासिल गरेका उनले राष्ट्रिय किर्तिमानी तोड्न सफल भए जुन आजसम्म कायम रहेको छ । कार्कीले आठौं खेलकुद प्रतियोगितामा पनि सुटिङ विधामा स्वर्ण पदक हासिल गरेका थिए । शारीरिक सुगठन विधामा स्वर्ण पदक विजेता विवेक हमाल ठकुरी पहिलो पटक राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी खेलाडी हुन् । यसअघि धर्म श्री बडी बिल्डिङ प्रतियोगितामा उत्कृष्ट १५ मा पर्न सफल ठकुरीको खेल जीवन आशालाग्दो रहेको छ । विद्यालय प्राङ्गणमा आयोजित कार्यक्रममा उनीहरुलाई अविर, खादा, माला, बुके, दोसल्ला, मायाको चिनो, सम्मानपत्र र नगद पुरस्कार समेत प्रदान गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दानबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा दश जोड दुइका संयोजक डोलराज अर्यालले संचालन गरेका जयराम पौडेलले पोखरापत्रलाइ जानकारी गराए।

# स्याङ्जामा कृषि बाली शिविर

पोखरापत्र संवाददाता
स्याङ्जा, ६ कार्तिक

स्याङ्जा सदरमुकाममा एक दिने कृषि बाली शिविर सम्पन्न भएको छ। स्थानीय रोयल बचत तथा ऋण सहकारी संस्थाको आयोजना तथा मुक्तिनाथ कृषि कम्पनीको सहयोग र मुक्तिनाथ विकास बैंकको प्रबर्द्धनमा शिविर सम्पन्न भएको हो ।

कृषकहरुलाई नर्सरी व्यवस्थापना, नगदे बालीमा लाग्ने रोग र कृषिमा अबलम्बन गर्नुपर्ने प्राविधिक ज्ञान प्रदान गर्न शिविर आयोजना गरिएको हो । पर्यावरण परिर्वतनसँगै देखिएकान कृषकका समस्या समाधान गर्न शिविर फलदायी बनेको कृषकहरुले बताए।

बालि शिविरमा कृषकहरुले लगाएको कृषिजन्य बस्तुमा देखिएका समस्या र रोग नियन्त्रण तथा समाधानका बारेमा मुक्तिनाथ कृषि कम्पनीका वरिष्ठ किठ विज्ञ विजय सापकोटाले सहजीकरण गरेका थिए । शिविरमा पुतलीबजार नगरपालिका र फेदीखोला गाउँपालिकाका कृषकहरुको सहभागिता रहेको थियो । त्यस अवसरमा कृषकहरुले लगाएको




बालिमा देखिने समस्या र रोगका बारेमा जानकारी दिएका थिए भने बालिमा लाग्ने रोग नियन्त्रण, उपचार पद्धति र अन्य समस्या समाधानमा आयोजक सहकारी र कृषि कम्पनीले सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो । उत्पादन बढाउन कृषक र कम्पनीकाबीच सहकार्य आवश्यक रहेको कृषकहरुले बताए । ग्रामीण क्षेत्रका कृषकले उत्पादन गर्ने कृषिजन्य बस्तुको उत्पादन बढाउन बालि शिविरलाई नियमित र उत्पादन क्षेत्रमा केन्द्रित गर्न कृषकले आग्रह गरे । बालि शिविर नियमित रुपमा संचालन गरे कृषिजन्य उत्पादन बढाउन फलदायी हुने बताईएको छ ।

मुक्तिनाथ कृषि कम्पनीको स्याङ्जामा श्रोत केन्द्रका रुपमा रहेको रोयल बचत तथा ऋण सहकारी संस्थाले कृषिमा आधुनिकीकरण ल्याउन प्रविधि उपयोगलाई सहजीकरण गर्दै आएको छ।

कृषकलाई प्रविधि र लगानी अभाब हुन नदिन सहकारीले कृषिमा लगानी र प्रविधि उपयोगमा जोड दिएको सहकारी अध्यक्ष नारायण प्रसाद पौडेलले बताए । जिल्लामै पहिलो पटक आयोजना गरिएको बालि शिविरले कृषकमा उत्साह थपेको सहभागिताले बताए । समस्या समाधान र रोग नियन्त्रणमा नियमित सहयोग पुऱ्याउन कृषकले आयोजकलाई आग्रह गरे।

# पाल्पाली समाजको देउसीभैलो

पोखरापत्र संवाददाता
पोखरा, ६ कार्तिक

पाल्पाली समाज पोखराले शनिबार पाल्पाली मौलिक खानाका परिकारसहित देउसीभैलो कार्यक्रम गरेको छ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका पूर्व अध्यक्ष दुर्गा रायमाझी, राष्ट्रिय संगीतकर्मी संघ गण्डकी उपाध्यक्ष करण तामाङ, बसन्ती थापामगर, सूर्यप्रसाद पाण्डे, शान्ति डोटेल, सञ्जु थापामगर, सिमादेवी सारु, यशोदा कार्की लगायतका कलाकारले कार्यक्रममा प्रस्तुति राखेको समाजका अध्यक्ष रेशम थापाले जानकारी दिए। संस्थाको कोष वृद्धिका लागि तिहारको शुभकामना आदानप्रदानसहित देउसीभैलो कार्यक्रम गरेको बताए। समाजका पूर्व अध्यक्ष एवं



पाल्पाली बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष चिरञ्जीवी श्रेष्ठले कला संस्कृतिको संरक्षणसहित समाज पर्यटन प्रवर्द्धनका लागि सक्रियताका साथ काम गरेको बताए । उनले पाल्पा हाउसमार्फत पाल्पा जिल्लाको चिनारी ढाका, करुवा लगायतका मौलिक उत्पादनको बजारीकरण गर्ने योजना रहेको बताए । कार्यक्रममा पाल्पाली समाज पोखराका प्रथम उपाध्यक्ष बालचन्द्र परियार, कार्यक्रम संयोजक सञ्जय आत्रेयले लगायतले बोलेका थिए।

पोखराको न्यूरोडस्थित पाल्पा हाउस प्रालिको भवनमा भएको कार्यक्रममा समाजका सल्लाहकार, कार्यसमिति सदस्य, सहकारीका पदाधिकारी तथा सदस्यलगायतको उपस्थिति थियो।

# नरक चतुर्दशी, कुकुर तिहार

रासस
काठमाडौं, ६ कार्तिक

नेपालीको दोस्रो ठूलो चाड तिहारको तेस्रो दिन सोमबार घरघरमा सुरक्षा गर्ने कुकुरलाई पूजाआराधनासहित मीठा मीठा खानेकुरा खान दिएर सम्मान गरी मनाइँदैछ।

कुकुर तिहार यमपञ्चक अर्थात् दीपावली पर्वको दोस्रो दिन पर्ने भए पनि यस वर्ष तिथिको घटबढका कारण तेस्रो दिन पर्न गएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । समितिका सदस्य एवं वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका अध्यक्ष प्राडा देवमणि भट्टराई नरके चतुर्दशी र कुकुर तिहार सूर्योदयकालमा चतुर्दशी भएको दिन मनाउनुपर्ने बताउनुहुन्छ।

कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुरलाई मीठामीठा परिकार खान दिए यमराजको ढोकामा द्वारपालका रुपमा बस्ने श्याम र सबल नामका कुकुरले यमलोक जाँदा बाटो छोडिदिने धार्मिक विश्वासका आधारमा कुकुर तिहार मनाउने गरिएको धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमले जानकारी दिनुभयो ।वैवस्वत मन्वन्तरको कुलमा जन्मिएको कुकुरले धर्मराज युधिष्ठिरलाई स्वर्ग यात्रामा समेत साथ दिएको धार्मिक विश्वास छ।

कुकुरलाई आज्ञापालक र सुरक्षामा भरपर्दो घरपालुवा जनावरका रुपमा लिइन्छ। घरमा कुकुर पाल्नाले मुटु र मधुमेह रोग लाग्दैन भनी विश्वास गर्नेहरुको सङ्ख्यासमेत बढ्न थालेको छ।

प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/०४

यस कार्यालयबाट मिति २०६४/११/३० मा कास्की जिल्ला लामाचौर ०३ मा संचालन गर्ने गरी लामाचौर ०३ कास्की निवासी महेन्द्र बहादुर पाण्डेको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ५७९४/०६४/०६५ को पाण्डे राईस मिल नामक फर्मका प्रोपराईटर श्री महेन्द्र बहादुर पाण्डेले मिति २०७९/०७/०४ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदाबी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

## Invitation for Bids

**First date of Publication: 24th October, 2022**

1. Phedikhola Rural Municipality, Syangja has allocated funds towards the cost for Procurement of 4WD Vehicle (Ambulance) for Phedikhola Basic Health Service Centre of Phedikhola Rural Municipality under Custom/Tax free process and intends to apply part of the funds to cover eligible payments under the Contract for PRM-G-NCB-27-079-80. The estimated cost of the vehicle is NRs. 2,050,000.00 (Including Transportation, VAT & other Taxes). Bidding is open to all eligible Nepalese Bidders.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja invites sealed and or electronic bids from eligible bidders for the Procurement of 4WD Vehicle (Ambulance) for Phedikhola Basic Health Service Centre of Phedikhola Rural Municipality under Custom/Tax free process under National Competitive Bidding procedures specified in public procurement act and regulations.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature: Successfully or substantially supply of 1 vehicle to the government or government owned agencies with minimum cost of NRs. 1,815,000.00 (Without VAT) within the last three years.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of bidding documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola, Syangja by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, VAT registration certificate, Tax clearance certificate upon payment of a non-refundable fee of NRs. 3000.00 during office hour of 23-November-2022.
   OR
   A complete set of bidding documents may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. In e-submission, bidder should deposit cost of bid documents (Non-refundable fee of NRs. 3000.00) in following bank account and scanned copy (In PDF format) of voucher should be uploaded at the time of electronic submission of bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
   Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja;
   Office Account Number: 06500308CA; Aantarik Rajaswa Khata (revenue heading) Number: Ga 1-1
5. Sealed or electronic bids must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 24-November-2022. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of bidders' representatives who choose to attend at 12:00 hrs on 24-November-2022 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security a) in case of hard copy: submission of original bid security b) in case of e-bid: submission of scanned copy of bid security (in pdf format), amounting to a minimum of NRs.52,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. The bidder who chooses to submit bid security in a cash, the above mentioned cash should be deposited in Dharauti account of Phedikhola Rural Municipality at Prime bank Ltd. Phedikhola in Account No. 06500036CA.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja has right to accept or reject the submitted bids wholly or partially.